नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बेनी, म्याग्दी ।

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

## प्रेस विज्ञप्ति ।

देशब्यापी कोभिड-१९ को बढ्दो संक्रमण र यसबाट म्याग्दी जिल्लामा पार्न सक्ने सम्भावित असर तथा नजिकिदै गएको दशैं, तिहार जस्ता चाडपर्वहरुलाई मध्यनजर गर्दै जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) म्याग्दीले मिति २०७७/०६/२७ गते गरेका निम्न बमोजिमका निर्णयहरुको प्रभावकारी कार्यान्वयनमा आवश्यक सहयोग, समन्वय र सहकार्यका लागि जिल्लाबासीमा हार्दिक अपिल गर्दछौं ।

**निम्न:-**

१. कोभिडको बढ्दो संक्रमण र यसबाट जिल्लामा पर्न सक्ने असरलाई मध्यनजर गर्दै नजिकिदै गईरहेको बडा दशैं मनाउने सन्दर्भमा कुनै पनि मन्दिर, कोट, शक्ति पिठमा अधिकतम दुई जना पुजारीले नित्य पुजा गर्ने बाहेक कुनै पनि प्रकारको जमघट हुने, बाजा बजाउने, मेलापर्व र खेलकुद जस्ता कोभिड-१९ जोखिम बढाउने कार्यहरु नगर्न/नगराउन सबैमा अनुरोध गर्ने र उक्त कार्य भए गरेमा रोक्ने व्यवस्था हुन सबै स्थानीय तहहरु र प्रहरी कार्यालयमा पत्राचार गर्ने, साथै कोही कसैले जोर-जबरजस्ती निषेधित कार्य गरेमा संक्रामक रोग ऐन, २०२० को प्रयोग गरी आवश्यक कारवाही गर्ने ।

२. निकट भविष्यमा नजिकिदै गएको तिहारलाई मध्यनजर गर्दै कोभिड-१९ को संक्रमण बढ्न नदिन र शान्ति सुरक्षालाई सुव्यवस्थित गर्न कुनै पनि प्रकारको भिडभाडजन्य जमघट, भेला, देउसीभैलो, आतसबाजी जस्ता कार्यक्रम नगर्न/नगराउन सम्बन्धित सबैमा अनुरोध गर्ने र उक्त कार्य कोही कसैले गरेमा संक्रामक रोग ऐन, २०२० को प्रयोग गरी आवश्यक कारवाही गर्ने ।

३. म्याग्दी प्रवेश नाकामा हाल संचालित होल्डिङ सेन्टरलाई थप प्रभावकारी र व्यवस्थित बनाउने, कालिपुल चेक पोष्टबाट हुने चेकजाँचमा कडाई गर्ने ।

४. बढ्दो संक्रमणलाई मध्यनजर गर्दै यस अघि निर्णय भए बमोजिम प्रत्येक स्थानीय तहमा अनिवार्य रुपमा ५० बेडको क्वारेन्टाइन र १५ बेडको प्रि-आइसोलेसन तत्काल तयारी हालतमा राख्न र १० बेडको हस्पिटल तत्काल सुरु गर्न सबै स्थानीय तहलाई अनुरोध गर्ने ।

५. हाल संचालित २० बेडको आइसोलेसनलाई क्रमश: कोभिड-१९ हस्पिटलको रुपमा बिस्तार गर्ने, आवश्यक उपकरण व्यवस्थित गर्ने, जोखिमपूर्ण विरामीलाई उक्त अस्पतालबाट उपचार गर्ने व्यवस्था मिलाउने ।

६. कोभिड-१९ को संक्रमणका कारण ग्रामिण बस्तीहरु थप जोखिममा पर्ने, जिल्ला बाहिरबाट आउने व्यक्तिहरु सोझै परिवार र समुदायमा घुलमिल भई संक्रमण थप फैलिने हुदाँ आगन्तुक प्रत्येक नागरिक निश्चित समय होम क्वारेन्टाइनमा अनिवार्य बस्न लगाउने, सोको प्रभावकारी अनुगमन गर्न प्रत्येक टोल बस्ती स्तरमा स्वयंसेवक Team खडा गरि सक्रिय परिचालन गर्न सबै स्थानीय तहलाई अनुरोध गर्ने ।

७. कुनैपनि प्रकारको भेला, जमघट, भिडभाडजन्य गतिविधि कोही कसैले नगर्न/नगराउन, जनस्वास्थ्य र सुरक्षा मापदण्ड पालना गर्न/गराउन र कोभिड-१९ नियन्त्रणमा रचनात्मक सहयोग गर्न जिल्लाबासी सबैमा हार्दिक अनुरोध गर्ने ।

***" बडादशैं तथा दिपावली २०७७ को जिल्लाबासी सबैमा हार्दिक मंगलमय शुभकामना"***

मिति २०७७/०६/२८

माया कुँवर
स.प्र.जि.अ./सूचना अधिकारी